# विश्वामित्र–मेनका खण्डकाव्यमा शृङ्गार रस

माधवप्रसाद नेपाल, उपप्राध्यापक
त्रिवि, पाटन संयुक्त क्याम्पस, ललितपुर

**लेखसार**

*प्रस्तुत आलेख विश्वामित्र–मेनका खण्डकाव्यमा प्रयुक्त शृङ्गार रसको अध्ययनमा केन्द्रित छ । काव्यनाटक अध्ययन गर्दा वा हेर्दा रत्यादि मायाप्रेम प्रसङ्गको बयान गरिएको घटनाबाट पाठक दर्शकमा विशेष प्रकारको काव्यानन्दको अनुभूति हुन्छ । नायकनायिकको अनुरागसँग भावकको मन एकाकार हुन्छ र आह्लादित बनाउँछ । त्यस्तो अनुभूति नै शृङ्गार रस हो । खण्डकाव्यकार घनश्याम कँडेलले पौराणिक पात्रहरू विश्वामित्र र मेनकाको प्रेम कथालाई आधार बनाएर 'विश्वामित्र–मेनका' खण्डकाव्य रचना गरेका हुन् । विश्वामित्र र मेनका बिचको प्रेम, ध्यान, राग, विराग, यज्ञ, प्रकृति चित्रण काव्यको वर्ण्य विषय हुन् । यस खण्डकाव्यमा साधनाबाट ख्याति कमाएका विश्वामित्रको तपको वर्णन छ । तर अनित्य शाश्वत पक्षको खोजीमा रहेका विश्वामित्र मेनकासँग लामो बहसमा संलग्न भएपछि उनमा वैराग्य हराउँछ र राग पक्ष बलियो भएर देखा पर्छ । विश्वामित्रजस्ता तपस्वी पनि मेनकाको उच्च कोटिको तर्क र शारीरिक सौन्दर्यसँग पराजित हुन पुग्छन् । पौराणिक कालका नारीहरू तपस्वीहरू समक्ष कसरी प्रस्तुत हुन्थे, आफ्नो प्रेमिल आकाङ्क्षा पूरा गर्न नारीहरूले के कस्ता तर्क अघि सार्थे र अन्त्यमा ऋषि हृदयलाई पगाल्न कसरी सफल हुन्थे भन्ने विषयलाई प्रस्तुत अध्ययनले समेटेको छ । यसका साथै तप, साधना, प्रेम र यौवनका विषयलाई समेत प्रस्तुत अध्ययनमा केलाइएको छ । यस्तै प्रेम र यौवनाप्रति लेखकीय दृष्टिकोण पनि निरूपण गरिएको छ ।*

**शब्द कुञ्चिका :** सम्भोग शृङ्गार, विप्रलम्भ शृङ्गार, उद्दीपन विभाव, आलम्बन विभाव, अनुभाव, व्यभिचारी भाव

## विषय परिचय

'विश्वामित्र–मेनका (२०६६) खण्डकाव्य घनश्याम कँडेलले लेखेका हुन् । कँडेल नेपाली साहित्यमा काव्य, समालोचना र सम्पादनमा कलम चलाउने स्थापित स्रष्टा हुन् । उनका देवयानी (खण्डकाव्य), केही अन्वेषण केही विश्लेषण (समालोचना), पाश्चात्य यथार्थवादी नाटक (समालोचना), जीवनका सन्दर्भहरू (कविता सङ्ग्रह), नेपाली समालोचना (सम्पादन), उज्यालोतिर (गीतिकाव्य), वनको क्रन्दन (लघुकाव्य), आँसुका अक्षर (शोक काव्य), विश्वामित्र–मेनका (खण्डकाव्य), धृतराष्ट्र (खण्डकाव्य), रश्मि (साहित्यिक पत्रिका सम्पादन प्रकाशन) कृतिहरू प्रकाशित छन् ।

घनश्याम कँडेल प्राचीन विषयवस्तुलाई लिएर खण्डकाव्य रचना गर्ने स्रष्टा हुन् । उनका खण्डकाव्यमा महाभारतको मिथकलाई प्रयोग गरिएको छ । देवयानी, धृतराष्ट्र, विश्वामित्र, मेनका आदि पौराणिक पात्रहरूकै नाममा खण्डकाव्य प्रकाशित हुनुले यसलाई पुष्टि गर्दछ । प्राचीन विषयवस्तु र पात्रमा नवीनता दिलाउनु, खल भनिएका पात्रलाई नायकीय भूमिका दिएर उनीहरूप्रति सकारात्मक दृष्टिकोण स्थापित गर्नु जस्ता विशेषता उनका खण्डकाव्यमा पाइन्छन् । उनका नारी पात्रहरू प्रभावशाली र उदाहरणीय छन् । वैचारिक रूपमा तिनले दिने सन्देश ओजपूर्ण छन् । धर्तीको सर्वोच्चता र प्राकृतिक सौन्दर्यको बयानलाई सरल भाषामा प्रस्तुत गरेर लेखिएका उनका खण्डकाव्य रसात्मक छन् । खण्डकाव्यमा प्रकृति, मानवता, नारी र पुरुषबिचको प्रेमलाई आकर्षक र शालीन रूपमा प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत अध्ययनपत्रमा घनश्याम कँडेलद्वारा लिखित विश्वामित्र–मेनका खण्डकाव्यमा प्रयुक्त शृङ्गार रसको अध्ययन गरी निष्कर्ष प्रस्तुत

गरिएको छ । यस क्रममा शृङ्गार रसको सैद्धान्तिक मान्यता, तिनका अभिलक्षण, उपकरण आदिलाई आधार बनाइएको छ ।

**समस्याकथन**

संस्कृत काव्यशास्त्रमा रसलाई प्रमुख काव्य तत्त्वका रूपमा लिइन्छ । आदि आचार्य भरतमुनिदेखि जगन्नाथसम्मका अधिकांश आचार्यले रसलाई कुनै न कुनै रूपमा काव्यको अत्यावश्यक तत्त्व मानेका छन् । संस्कृत साहित्यमा रस सिद्धान्तका आधारमा कृति समीक्षा गर्ने लामो परम्परा रहिआएको छ । त्यसैले रस संस्कृत साहित्य सिद्धान्तमा स्थापित समालोचना पद्धति हो । अतः यस सिद्धान्तका आधारमा कुनै पनि कृतिको अध्ययन गर्नु प्राज्ञिक कार्य हो । त्यस्तै घनश्याम कँडेल खण्डकाव्यका क्षेत्रमा विशिष्ट पहिचान बनाइसकेका व्यक्तित्व हुन् । उनको खण्डकाव्यमाथि रस सिद्धान्तलाई आधार बनाएर अध्ययन गर्नु पनि आफैँमा प्राज्ञिक कार्य हो । उनका खण्डकाव्यको बहुआयामिक अध्ययन भए पनि एउटा कुनै रस विशेषका आधारमा अध्ययन नभएकाले यसमा प्राज्ञिक रिक्तता देखिन्छ । प्रस्तुत अध्ययनपत्रमा विश्वामित्र–मेनका खण्डकाव्यमा प्रयुक्त शृङ्गार रससँग सम्बद्ध समस्या समाधानका निम्ति निम्नलिखित शोध प्रश्न निर्धारण गरिएको छ :

क. विश्वामित्र–मेनका खण्डकाव्यमा कुन-कुन रसको प्रयोग छ ?
ख. विश्वामित्र–मेनका खण्डकाव्यमा शृङ्गार रसले कसरी पूर्णता पाएको छ ?

**उद्देश्य**

विश्वामित्रमा सत्ताप्रतिको आसक्ति छ । वसिष्ठसँग प्रतिस्पर्धामा लागेका उनी ज्ञानसाधना र तपस्याले ब्रह्मर्षि बनेका छन् । मेनकाले ब्रह्मर्षि विश्वामित्रको मन सौन्दर्यले मात्र नभई तर्कशील विचारले जितेकी छन् । प्रेमलाई रागवृत्तिका रूपमा मान्दै आएका विश्वामित्रका सामु मेनकाले तर्कका आधारमा प्रेमको महत्त्व र गरिमा स्थापित गन सफल भएकी छन् । त्यसपछि तपमा लीन विश्वामित्रमा रतिरागात्मकता उत्पन्न हुन्छ । दुवैजना एकअर्काप्रति आकर्षित हुन्छन् । उनीहरू बिचको प्रेमिल वातावरणमा पुगेर खण्डकाव्यको कथानक उत्कर्षमा पुगेको छ । यिनै आधारमा प्रस्तुत अध्ययनमा निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएको छ :

क. विश्वामित्र–मेनका खण्डकाव्यमा प्रयुक्त रसको पहिचान गर्नु
ख. शृङ्गार रसका उपकरणका आधारमा विश्वामित्र मेनका खण्डकाव्यको विश्लेषण गर्नु

**अध्ययन विधि**

प्रस्तुत अध्ययनपत्रका लागि निम्नलिखित शोध विधि अपनाइएको छ ।

**सामग्री सङ्कलन**

प्रस्तुत अध्ययनपत्र घनश्याम कँडेलद्धारा लिखित विश्वामित्र–मेनका खण्डकाव्यमा प्रयुक्त शृङ्गार रससँग सम्बन्धित छ। त्यसैले उक्त खण्डकाव्य मुख्य सामग्री हुँदै हो भने शृङ्गार रसको व्याख्याका लागि विश्वनाथ प्रणीत साहित्य दर्पण, गोविन्दप्रसाद भट्टराईद्वारा लिखित पूर्वीय काव्य सिद्धान्त र केशवप्रसाद उपाध्याय लिखित पूर्वीय साहित्य सिद्धान्त नामक कृतिका सम्बद्ध अंशहरूलाई मुख्य सामग्रीका रूपमा लिइएको छ । यस्तै रससँग सम्बन्धित अन्य फुटकर लेख, समालोचना र पुस्तकहरूलाई सहयोगी सामग्रीका रूपमा लिइएको छ ।

**सामग्री विश्लेषण विधि**

प्रस्तुत अध्ययनपत्रमा प्राप्त सामग्रीलाई विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

**कृति विश्लेषणको सैद्धान्तिक आधार**

प्रस्तुत अध्ययनपत्रको कृति विश्लेषणको सैद्धान्तिक आधार पूर्वीय काव्यशास्त्र अन्तर्गतको रस सिद्धान्त हो । साहित्यमा रस भाव वा अनुभूति पक्षसँग सम्बन्धित छ । पाठको वा श्रोताको मनमा रत्यादि स्थायी भाव सुषुप्त अवस्थामा रहेको हुन्छ । काव्य पढ्दा प्राप्त हुने विशेष प्रकारको अनुभूतिले स्थायी भाव जागृत हुन्छ र अलौकिक आनन्द प्राप्त हुन्छ । त्यो नै रस हो । विभाव, अनुभाव, व्यभिचारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ । रसका ६ भेद छन्– शृङ्गार, करुण, हास्य, वीर, रौद्र, विभत्स, भयानक, अदभुत, शान्त । प्रस्तुत अध्ययनपत्रको अध्ययनीय विषय शृङ्गार रस भएकाले यहाँ सोही रसका बारेमा चर्चा गरिन्छ ।

शृङ्गार शब्दको व्युत्पत्ति ‘शृङ्गम् ऋच्छति इति’ शृङ्गारबाट भएको हो । यसको अर्थ शोभा बढाउने वस्तु वा सिँगार गर्ने साधन (बृहत्) भन्ने हुन्छ । शृङ्ग शब्दको अर्थ कामुक र शृङ्गारको अर्थ कामवासनाले सम्भूत भएको हो ।

यो रसको स्थायी भाव रति वा प्रेम हो । अवलम्बन विभाव उत्तम प्रकृतिका प्रेमी र प्रेमिका हुन् । सबै ऋतु, सूर्य वा चन्द्र उदय र अस्तको समय, जलविहार, वन विहार, प्रभात, चन्द्रमा उदाएको रात, सुन्दर बगैँचा, एकान्तस्थल, चन्दनादिको सुवास, भ्रमरको झङ्कार, स्वच्छ, सुन्दर र सुमधुर परिवेश शृङ्गार रसका उद्दीपन विभाव हुन् । कटाक्ष, मुस्कान, लज्जा, चुम्बन आदि अनुभाव हुन् । ग्लानि, दीनता, मलिनता आदि व्यभिचारी भाव हुन् (विश्वनाथ, २३०) ।

काव्य नाटक अध्ययन गर्दा वा हेर्दा रत्यादि माया प्रेम प्रसङ्गको बयान गरिएको घटनाबाट पाठक दर्शकमा विशेष प्रकारको काव्यानन्दको अनुभूति हुन्छ । नायक नायिकाको अनुरागसँग भावकको मन एकाकार हुन्छ र आह्लादित बनाउँछ । त्यस्तो अनुभूति नै शृङ्गार रस हो । अर्थात् परस्पर अनुरागमा बाँधिएका नायक नायिकाको एकअर्काप्रतिको प्रेमको वर्णन भएमा शृङ्गार रस हुन्छ (उपाध्याय, ५८) ।

विद्वानहरूले शृङ्गार रसलाई रसमध्येको राजा भनेका छन् । जस्तो रस झोल पदार्थ नभएको भए यो सृष्टि नै सबै शुष्क भई निस्सार हुने थियो, त्यस्तै शृङ्गारादि रसको काव्यद्वारा अनुभव गर्न नपाए यो सबै जगत् जीवन निस्सार हुन्छ । त्यसैले सृष्टि प्रक्रियाको आदिकारण नै शृङ्गार रस हुनाले त्यसलाई रसराज भन्ने व्यवहार भएको छ (भट्टराई : १२१) । शृङ्गार रसका विप्रलम्भ र सम्भोग गरी दुई भेद छन् ।

**सम्भोग शृङ्गार**

सम्भोग शृङ्गारमा नायक नायिकाको परस्पर मिलन हुन्छ । प्रेममा परेका नायक नायिकाबिच एक आपसमा देखादेख, एउटाले अर्कोलाई स्पर्श गर्नु, आलिङ्गन गर्नु, अधरपान, चुम्बन आदि सम्भोग शृङ्गारका लक्षण हुन् । काव्य कोविदहरूले सम्भोग शृङ्गारमा प्रेम सुखको भेद प्रभेद गणना गर्न नसकिने बताएका छन् । त्यसैले सम्भोग शृङ्गारको भेद उल्लेख गरिएको पाइँदैन ।

**विप्रलम्भ शृङ्गार**

विप्रलम्भमा नायक नायिकाबिच परस्परको प्रगाढ अनुराग हुन्छ तर मिलन हुन पाउँदैन । विप्रलम्भ शृङ्गारका पूर्वराग, मान, प्रवास र करुण गरी चार भेद छन् । (साहित्य दर्पण २३२) यहाँ विप्रलम्भ शृङ्गारका

भेदको चर्चा गरिन्छ :

क. पूर्वराग विप्रलम्भ : रूप सौन्दर्य हेरेर अथवा सुनेर नायक नायिकाबिच परस्पर अनुराग उत्पन्न हुनु पूर्वराग विपलम्भ हो । नायक नायिकाले रूप सौन्दर्यको बयान नजिकका साथीमार्फत सुन्न सक्छन् । देखादेख कहिलेकाहीँ साक्षात् हुन सक्छ भने सपना वा चित्रबाट पनि एकअर्कालाई हेरेर अनुरक्त हुन्छन् । जस्तै : रातको पछिल्लो प्रहरमा बरबराउँदै प्रेमी वा प्रेमिकाको नाम लिनु ।

ख. मान विप्रलम्भ : यसका प्रणयमान र ईर्ष्या समुद्भव गरी दुई भेद छन् । नायक नायिकाबिच एकअर्कामा प्रेमले भरिए पनि अकारण आपसमा रिसाउनु प्रणयमान विप्रलम्भ हो । यसमा नायक नायिका दुबै चुपचाप हुन्छन् । एउटाले अर्काको सास फेरेको आवाज सुनेका हुन्छन् तर बोलचाल गर्दैनन् । एक अर्काबिच ईर्ष्या हुन्छ भने ईर्ष्या समुद्भव विप्रलम्भ हुन्छ । जस्तै : नायिकाले आफ्ना नायक अन्य नारीसँग नजिकिएको थाहा पाउनु, सपनामा नायकद्वारा अन्य प्रेमिकासँग कुराकानी गरेको देख्नु, नायकको शरीरमा अन्य नायिकाको सम्भोगको चिह्न देख्नु र अकस्मात् नायकको मुखबाट अन्य नायिकाको नाम लिइँदा उत्पन्न हुने भाव ईर्ष्या समुद्भव विप्रलम्भअन्तर्गत पर्दछ ।

ग. प्रवास विप्रलम्भ : नायक विविध कारणले घरबाट बाहिर जानुपर्ने हुन्छ । जस्तै : काम विशेषले, कसैको श्राप परेर वा आवेगले । यस्तो समयमा नायक नायिकाबिच परस्पर देख भेट नभए पनि अनुराग कायमै हुन्छ । नायिकाको अङ्ग मलीन देखिनु, वस्त्र नमिलाई लगाउनु, रुनु जस्ता लक्षण यसमा देखिन्छन् ।

घ. करुण विप्रलम्भ : नायक वा नायिकाको मृत्यु भएको भनिएको तर जीवित रहेको आस बाँकी नै रहेको अवस्था जनाउँदा करुण विप्रलम्भ हुन्छ । जीवित भएमा फर्केर आएपछि एकअर्कामा शोक सङ्गलित रतिभावको अभिव्यञ्जन हुन्छ । त्यसैले यसलाई करुण विप्रलम्भ भनिएको हो । एक जनाको मृत्यु भएको पुष्टि भएमा शृङ्गार रस नभई करुण रस हुन्छ । विप्रलम्भ यी सबै भेदमा प्रेमी प्रेमिकाको मिलन भएको हुँदैन । एक अर्काको वेदना प्रकट भएको हुन्छ ।

साहित्यशास्त्रीहरूले शृङ्गार रसका दुबै भेदबाट काव्यानन्दको अनुभूति हुने चर्चा गरेका छन् । प्रेमी प्रेमिकाको मिलन संयोग हो भने विविध कारणले बिछोड हुनु तर मिलनको पर्याप्त सम्भावना रहनु विप्रलम्भ शृङ्गार हो ।

**विश्वामित्र–मेनका खण्डकाव्यमा रस**

घनश्याम कँडेलद्वारा लिखित विश्वामित्र–मेनका खण्डकाव्यमा सात खण्ड छन् । खण्डकाव्यको उपजीव्य स्रोत ऐतरेयी ब्राह्मण र महाभारत हुन् । विश्वामित्र र मेनका बिचको प्रेम, ध्यान, राग, विराग, यज्ञ, प्रकृति चित्रण काव्यको वर्ण्य विषय हुन् । खण्डकाव्यमा राजनीति र सत्ताको स्वाद, ऋषिहरू बिचको प्रतिस्पर्धा, योग, तप र ध्यानको यथार्थ वर्णन, धर्ती र प्रकृतिको सौन्दर्य, राग र विराग बिचको द्वन्द्व, नारीको उच्च वैचारिक अभिव्यक्तिलाई काव्यिक रूप दिइएको छ ।

विश्वामित्र साधक हुन् । साधनाबाट नै उनले धर्ती र पृथ्वीमा आफ्नो ख्याति कमाएका छन् । उनलाई भौतिक सुखसयल र सत्ताको स्वादले मानसिक सन्तुष्टि प्राप्त गर्न सकेको छैन । त्यसैले उनी सांसारिक सुखबाट मुक्त हुन तपमा लीन हुन खोज्छन् । खण्डकाव्यमा अन्तर्यात्रा नाम दिइएको खण्डमा उनको तपको वर्णन छ । यसमा तप र ध्यान साधना नै जीवन मुक्तिको सही मार्ग हो भन्ने काव्यिक प्रस्तुति छ । त्यसैले खण्डकाव्यको यो भागमा शान्त रसको प्रयोग गरिएको छ । यस्तै मेनका सँगको भेटपछि विश्वामित्रले वीतरागी जीवन नै सार्थक हुने, काठको घोडालाई दौडाउन नसकिए जस्तै काल्पनिक कुरा यथार्थ हुन नसक्ने, मनलाई नियन्त्रणमा राख्नुपर्ने, वासना र तिर्सनालाई बिर्सनु पर्ने, अन्तर चेतनाको विकास गर्नुपर्ने

जस्ता तर्क गरेका छन् । संसार क्षणभङ्गुर छ, जीवनको शाश्वत ध्यान र तपबाटै प्राप्त गर्न सकिने उनको निष्कर्ष छ । विश्वामित्रको वैराग्यपूर्ण जीवन र चित्तवृत्तिले शान्त रस उत्पन्न हुन्छ । अनित्य संसार र सांसारिक दुःख शान्त रसका आलम्बन विभाव हुन् । तपस्थल र विश्वामित्रले मेनकासँग व्यक्त गरेको सांसारिक मोहबाट छुटकारा पाएको जीवन बोध विषयक संवाद उद्दीपन विभाव हुन् । विश्वामित्रले तपबाट चिन्मय आत्माको दर्शन पाउनु र जन्म, जरा, मृत्यु र वेदनाबाट मुक्त भई प्राप्त गरेका रोमाञ्च आदि यसका अनुभाव हुन् ।

खण्डकाव्यको शीर्षक नारी र पुरुषको नामबाट राखिएको छ । विश्वामित्र पुरुष हुन् भने मेनका नारी अर्थात् प्रकृति हुन् । जीवनको अनित्यता शाश्वत सत्य भए जस्तै सृष्टि सञ्चालनका लागि पुरुष र प्रकृतिको मिलन अर्को शाश्वत पक्ष हो । विश्वामित्र अनित्य शाश्वत पक्षको खोजीमा छन् । भौतिक सुखसयलभन्दा आत्मिक शान्तिले जीवन बोध हुने उनको विचार छ । उनी वैरागी बन्न चाहन्छन् । मेनकासँग उनको यसै विषयमा लामो बहस चल्छ । अन्त्यमा राग नै बलियो भएर देखा पर्छ र उनी मेनकाको उच्च कोटिको तर्क र शारीरिक सौन्दर्यसँग पराजित हुन पुग्छन् । दुई बिच प्रणयी भाव उत्पन्न हुन्छ र काव्यको सुखद अन्त्य हुन्छ । यसरी प्रस्तुत खण्डकाव्य शृङ्गार रस प्रधान बन्न पुगेको छ । अतः यहाँ विश्वामित्र र मेनका बिचको प्रेमकथालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिन्छ ।

**विश्वामित्र र मेनकाको प्रेमकथा**

विश्वामित्र मन्त्रद्रष्टा हुन् । शूनः शेप ब्राह्मणलाई वारुणबलिबाट जोगाएका, जिउँदै स्वर्गमा जान चाहने त्रिशुङ्कलाई नयाँ स्वर्ग बनाएर चमत्कार गरेका गाधीपुत्र विश्वामित्रले धर्तीमा धाक जमाएका छन् । स्वर्गमा प्रभाव पारेका छन् ।

स्वदेशको राजा बनेपछि उनमा सत्ताको उन्माद चढेको छ । आफूले आफूलाई सर्वोच्च व्यक्ति ठानेका छन् । घमण्ड र सङ्कीर्ण स्वार्थमा डुब्दा उनमा तिर्सना बढेको छ । एकपटक वन विहारमा जाँदा वसिष्ठ ऋषिसँग नन्दिनी गाईका विषयमा विवाद हुन्छ । उनी फेरि तपमा बसेर ब्रह्मषि बन्न सफल हुन्छन् । सबैथोक जिते पनि विश्वामित्रमा भोगविलास बाँकी नै छ । उनी मानसिक रूपमा असन्तुष्ट छन् । यौवन र तारुण्यको आनन्दबाट छुटकारा पाउन सकेका छैनन् । उनले ऋषिलाई जिते, संसारलाई जिते तर मनलाई जित्न सकेका छैनन् । (विश्वामित्र–मेनका : ६) सुन्दरी अगाडि आउँदा आँखा चनाखा हुनु र तिनले मुस्कुराउँदा मन लोभिन्छ (पृष्ठ : ८) भन्ने उनको स्वीकारोक्तिले विश्वामित्रको मनमा भोगविलासको भोक तीव्र रूपमा रहेको स्पष्ट हुन्छ ।

मनको वह कहीँ गएर पनि पोख्न नसकिने र यसले व्यग्र मात्र बनाउने रहेछ भन्दै जतिसुकै सुख र ऐश्वर्य पाए पनि विषयभोगबाट मुक्त नभएसम्म आनन्द नमिल्ने निष्कर्ष उनको छ । त्यसपछि शान्त र एकान्त ठाउँमा निश्छल र निश्चिन्त बनेर ध्यानमा बस्ने अठोट गर्छन् र तपमा लीन हुन्छन् ।

विश्वामित्र कठोर तपस्यामा रहेका बेला स्वर्गका राजा इन्द्रलाई ईर्ष्या हुन्छ । (पृष्ठ ३४) ब्रह्मर्षिको तप भङ्ग गराउन मेनकालाई धर्तीमा पठाउँछन् । हाउभाउ र कटाक्षमा दक्ष मेनकाबाट विश्वामित्रको तप भङ्ग हुने विश्वास इन्द्रको छ । तपस्थलमा पुगेर मेनका विश्वामित्रलाई उठाउन प्रयत्न गर्छिन् । मेनका आगमनले वन प्रान्त तरङ्गित हुन्छ र ऋषिको मनमा पनि त्यसको झङ्कार पुग्छ । अनि उनी बिस्तारै सोच्न थाल्छन्, म त वीतरागी कसरी रागिनीतिर लागेँ ? मेरो मनलाई कसले यसरी आकर्षित गर्दै छ ?

जस्ता प्रश्न उब्जन्छन् र आफ्नो मनको घोडालाई नियन्त्रण गर्नै नसकेको निष्कर्षमा पुग्छन् । अनि आँखा उघार्छन् । मेनका विधाताकै अनुपम कला जस्तै देखिन्छिन् । ऋषिलाई उनको चमक चारैतिर

फैलिएको आभास हुन्छ । उनको नृत्य र मधुर स्वर वर्षाले आज्ञाकारी सुषुप्तावस्थाको ऋषि मन चञ्चल हुन थाल्छ । मेनकाको सान्निध्यले ऋषिका मन र आँखा दुबै जुध्छन् । बिस्तारै ती युगल मनमा परिणत हुन्छन् ।

मेनकासँग उनी अझै पनि वैराग्यको कुरा गर्छन् । विषयभोगबाट मुक्त हुनुपर्छ भन्ने उनको उद्देश्य देखिन्छ । तर भोगविलासबाट नअघाएका विश्वामित्र–मेनकाको सौन्दर्य, बोली, व्यवहार, कटाक्षबाट प्रभावित भएरै छाड्छन् । उनको तप भङ्ग हुन्छ भने मेनकाको विश्वामित्र प्राप्तिको चाहना पूरा हुन्छ । यसरी दुई आत्माको मिलनमा पुगेर खण्डकाव्य समापन हुन्छ ।

## विश्वामित्र–मेनका खण्डकाव्यमा शृङ्गार रस

शृङ्गार रसको स्थायी भाव रति वा प्रेम हो । आवलम्बन विभाव उत्तम प्रकृतिका प्रेमी र प्रेमिका हुन् । सबै ऋतु, सूर्य वा चन्द्र उदय र अस्तको समय, जलविहार, वनविहार, प्रभात, चन्द्रमा उदाएको रात, सुन्दर बगैँचा, एकान्तस्थल, चन्दनादिको सुवास, भ्रमरको झङ्कार, स्वच्छ, सुन्दर र सुमधुर परिवेश शृङ्गार रसका उद्दीपन विभाव हुन् । कटाक्ष, मुस्कान, लज्जा, चुम्बन आदि अनुभाव हुन् । ग्लानि, दीनता, मलिनता आदि व्यभिचारी भाव हुन् । अब यिनै आधारमा खण्डकाव्यमा शृङ्गार रसको अध्ययन गरिन्छ ।

### आलम्बन विभाव

विश्वामित्र–मेनका खण्डकाव्यका विश्वामित्र (नायक) र मेनका (नायिका) आलम्बन विभाव हुन् । गाधेय कुलमा जन्मिएका विश्वामित्र बुद्धि र वैभवले सम्पन्न छन् । उनी आफ्नो कर्ममा निरन्तर सक्रिय छन् । मन्त्रद्रष्टा ऋषि विश्वामित्र तेजस्वी र चतुर छन् । बारुणबलिबाट शुनः शेपलाई मुक्त गराएका र त्रिशुङ्कलाई स्वर्ग र धर्तीको बीचमा अर्को स्वर्ग बनाइदिएर ख्याति कमाएका विश्वामित्रको उत्साह लोभलाग्दो छ । यस्तै राजर्षिबाट ब्रह्मर्षि बन्न सफल विश्वामित्र लोकमा स्नेहभाव दर्साउने व्यक्तित्व हुन् ।

मेनकाको रूप अग्निज्वालाबाट उदाएकी जस्तो ज्योतिर्मय छ । स्वर्गकी अप्सरा मेनका हिँड्दा परिवेश नै उज्यालो हुन्छ । उनको तारुण्यको उमङ्ग पूर्णचन्द्र जस्तै स्वच्छ देखिन्छ । अति रूपवती युवतीको मुखमण्डल कमनीय छ । कान्तिमय छ । उनको आगमनले धर्तीमा लावण्य छरेको छ । फूलमा सुवास थपिएको छ । चरीको आवाजमा मिठास बढेको छ । हावा झन् प्रेरणादायी बनेको छ । नयाँ रश्मि पाएर सूर्य खुसी छन् ।

शारीरिक सौन्दर्यमा मेनका जति चित्ताकर्षक छिन्, उच्चस्तरको तर्क गर्ने क्षमता पनि उनको लोभलाग्दो छ । प्रेम र जीवनका सम्बन्धमा उनले दिएको तर्कले विश्वामित्र विस्मित बन्न पुगेका छन् । यसरी भौतिक देहले मात्र नभई तर्कशील स्वभावले पनि मेनका विजयी बनेकी छन् । खण्डकाव्यमा प्रमुख पात्र विश्वामित्र र मेनका नायक नायिका हुन् । उनीहरूकै प्रेम सम्बन्धलाई काव्यिक रूप दिइएकाले आलम्बन विभाव पनि उनीहरू नै हुन् ।

### उद्दीपन विभाव

सबै ऋतु, सूर्य वा चन्द्र उदय र अस्तको समय, जलविहार, वनविहार, प्रभात, चन्द्रमा उदाएको रात, सुन्दर बगैँचा, एकान्तस्थल, चन्दनादिको सुवास, भ्रमरको झङ्कार, स्वच्छ, सुन्दर र सुमधुर परिवेश शृङ्गार रसका उद्दीपन विभाव हुन् ।

विश्वामित्र–मेनका खण्डकाव्यमा वसन्त ऋतुको समयको वर्णन छ । चरीहरू गीत गाइरहेका छन् । रुख जीवन्त भएर हावासित बोलिरहेका छन् । मयूर नृत्यमा मग्न छ । ढुकुर, मृगीमृग र सिंह सिंहिनीसित प्रेमिल

वातावरणमा मस्त छन् । पुष्पमा प्रेम पराग बाँड्न पाउँदा पुतलीहरू प्रसन्न छन् । तपस्थलको सुरम्य वातावरण, वृक्ष, लता, पुष्प, हावा, कोइलीको आवाज अन्य उद्दीपन विभाव हुन् । काव्यमा मेनकाले धर्तीलाई स्वर्गभन्दा अपूर्व सुन्दर मानेर वर्णन गरेकी छन् । एक प्रकारले यो धर्तीले उद्दीपन विभावका रूपमा देखिएको छ । धर्तीका रुख जीवन्त भएर हावासित बोल्छन् । शैल टाकुरा स्रष्टासित कुरा गर्छन् । यी सबै कुराहरूले सामाजिकमा रस उद्दीप्त पार्न भूमिका खेलेका छन् । त्यसैले काव्यमा वर्णन गरिएका परिवेश शृङ्गार रसको उद्दीपन विभावका रूपमा देखिएका छन् ।

**अनुभाव**

शृङ्गार रसमा कटाक्ष, मुस्कान, लज्जा, चुम्बन आदि अनुभाव हुन् । यसअन्तर्गत प्रेमी प्रेमिकामा प्रकट भएका शारीरिक गतिविधि र हाउभाउ पर्दछन् । तपमा लीन भएका विश्वामित्र बसेको ठाउँमा पुगेपछि सुन्दर रूप र तारुण्यले पुष्पित मेनकाले ऋषिलाई ब्युँझाउन गीत गाएकी छन् । नृत्य गरेकी छन् । अभिनय गरेकी छन् । कमनीय मेनका तपमा लीन विश्वामित्रका अगाडि हाँसेकी छन् र प्रभाती किरणझैं प्रफुल्ल बनेकी छन् । यी सबै सम्भोग शृङ्गारका अनुभाव हुन् । मेनकाले विश्वामित्रलाई ब्युँझाउन अनेक कटाक्षसहित पाउ स्पर्श गरेकी छन् । मेनकाको कटाक्ष, हाउभाउ र रूप लावण्यमा मोहित भएका विश्वामित्र तपबाट ब्युँझिएपछि दुईबिच प्रेमिल संवाद हुनु, योगीको चित्त भरङ्ग हुनु, एकले अर्कालाई स्पर्श गर्नु, सुमसुम्याउनु आदि पनि अनुभाव नै हुन् । यी गतिविधिले विश्वामित्र–मेनका खण्डकाव्यलाई शृङ्गार रसको चरम उत्कर्षमा पुर्याएको छ ।

**व्यभिचारी भाव**

ग्लानि, दीनता, मलिनता आदि व्यभिचारी भाव हुन् । विश्वामित्रलाई कामिनी मेनकाको स्पर्शले सौदामिनीको जस्तै झट्का दिएपछि उनको शरीर झनझनाउँछ । मेनकाको लामो पर्खाइले पूर्णता पाउँछ । उनीहरू एकअर्कामा एकाकार हुनु पुग्छन् । यसबाट श्रम, मद, मोह जस्ता व्यभिचारी अर्थात् सञ्चारी भाव उत्पत्ति हुन पुग्छन् । सम्भोग शृङ्गारलाई जसरी भेद उपभेद गर्न सकिएको छैन, त्यसरी नै व्यभिचारी भावमा देखा परेका सबै सन्दर्भलाई काव्यमा वर्णन गर्न सकिंदैन । त्यसलाई त अनुभव मात्र गर्न सकिन्छ । त्यो अनुभव अवर्णनीय हुन्छ । प्रस्तुत खण्डकाव्यमा पनि विश्वामित्र र मेनकाको मिलनपछि उत्पन्न प्रेमिल वातावरण उत्कर्षलाई पाठक वा भावकले आनन्दको अनुभूति मात्र गर्दछ । काव्यमा व्यक्त निम्न पङ्क्तिले पनि व्यभिचारी भावबारे थप स्पष्ट पार्छ :

कस्तो थ्यो त्यो स्पर्श ती कामिनीको
झट्काजस्तै थ्यो कि सौदामिनीको
के भो के भो झन्झनायो शरीर
थाले योगी बन्न झन् झन् अधीर (पृष्ठ ६६)

**निष्कर्ष**

‘विश्वामित्र–मेनका’ खण्डकाव्यमा दुई पात्र विश्वामित्र र मेनका साधक र भोक्ताका रूपमा, राग र विरागका रूपमा तथा प्रकृति र पुरुषका रूपमा आएका छन् । साधक विश्वामित्र तपस्याबाटै संसार विजयी बनेका छन्, अझै विजयी बन्न चाहन्छन् । स्वर्गबाट झरेकी अप्सरा मेनकाको लक्ष्य विश्वामित्रको तप भङ्ग

गराउनु रहेको छ । त्यसका लागि उनी भोक्ता बनेकी छन् । उनी सुख भोगका लागि विश्वामित्रसँग समर्पित भएकी छन् । मेनकाले स्वर्गबाट पृथ्वीमा आएपछि गरेको धर्तीको बयान निकै रोचक छ । पृथ्वीको त्यो बयान समग्र काव्यमा उद्दीपन विभावका रूपमा आएको छ । मेनकाले जीवन र प्रेमका सम्बन्धमा व्यक्ति गरेको तर्क ओजपूर्ण छन् । तिनै तर्कले विश्वामित्र झस्किएका मात्र छैनन्, उनीप्रति नतमस्तक पनि बनेका छन् । वैरागबाट मात्र जीवनको बोध नहुने मेनकाको तर्कका अगाडि विश्वामित्रले हारेका छन् । राग र विराग तथा प्रकृति र पुरुष एकाकार भएर नै जीवन र सृष्टि गतिशील हुने मेनकाको भनाइ छ । साथै उनको हाउभाउ र कटाक्षले पुरुष विश्वामित्र आकर्षित लोभिएका छन् । सौन्दर्य र तर्क दुवैमा विशेष रहेकी मेनका र विश्वामित्रको संवादले अनुभाव उत्पन्न हुन्छ ।

विश्वामित्र र मेनकाको सम्बन्ध सामान्य प्रेमी प्रेमिकाको जस्तो नभई उच्च कोटिको र श्रद्धेय बन्न पुगेको छ । उनीहरूको रतिरागात्मक वर्णनले पाठक हृदय विशेष प्रकारले आल्हादित र एकाकार बन्न पुग्छ । खण्डकाव्यले सृष्टिको सबैभन्दा मीठो नसा प्रेम हो, प्रेममै ध्यान पनि हुन्छ, प्रेमले नै मनलाई मुक्त गराउन सक्छ भन्ने मूल सन्देश दिएको छ । राग र विरागबाट मुक्त भएर प्रकृति र पुरुषबिच मिलन हुँदा नै जीवनले सम्पूर्णता प्राप्त गर्न सक्ने जीवन दर्शन खण्डकाव्यले व्यक्त गरेको छ । यस्तो जीवन दर्शन मानवीय प्रेमबाट नै प्राप्त गर्न सम्भव छ । प्रेमका लागि हार्दिकताका साथै समर्पण र सोहीअनुसारको प्रकृतिको पनि सामञ्जस्य हुनुपर्दछ । यिनै समीकरणका कारण खण्डकाव्यको कथावस्तु प्रेमिल र मनोरम बनेको छ । वसन्त ऋतुको बहार, यौवन र शारीरिक सौन्दर्यले धपक्क बलेकी मेनका र रागलाई त्याग गर्न नसकेका ऋषि विश्वामित्रको मिलनले शृङ्गार रस परिपाक अवस्थामा पुगेको छ ।

## सन्दर्भसूची


उपाध्याय, केशवप्रसाद. (२०३६). *पूर्वीय साहित्य सिद्धान्त.* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

कँडेल, घनश्याम. (२०६६). *विश्वामित्र–मेनका.* सुभद्रा कँडेल ।

भट्टराई, गोविन्दप्रसाद. (२०३१). *पूर्वीय काव्य सिद्धान्त.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

विश्वनाथ. (सन् १९८९). *साहित्य दर्पण.* वाराणसी : चौखम्बा विद्याभवन ।